# ताप्ली गाउँपालिका

# कर्मचारी कल्याण कोष सञ्चालन

# कार्यविधि २०७९

ताप्ली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुपाटार उदयपुर

१ नं. प्रदेश, नेपाल

कर्मचारी कल्याणकोष सञ्चालन ( कार्यविधि ) ऐन, २०७९

कार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०७९/०८/१८

प्रस्तावना

ताप्ली गाउँपालिकामा स्थानीय तहबाट स्थायी भएका कार्यरत कर्मचारीहरुको लागि उपदान लगायतका सुविधाहर उपलब्ध गराउने प्रयोजनको लागि कर्मचारी कल्याण कोषको स्थापना तथा सञ्चालन गर्न प्रशासकीय कार्यविधि ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी ताप्ली गाउँपालिकामा कार्यरत स्थानीय तहको स्थायी कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि ऐन, २०७९ पारित गरि लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भ : (१) यो ऐनको नाम ताप्ली गाउँपालिकाका स्थानीय तहबाट स्थायी भएका कर्मचारीहरुको लागि कर्मचारी कल्याण कोष सञ्चालन ( कार्यविधि) २०७९ रहेको छ ।

(२) यो ऐन ताप्ली गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेदेखि आषाढ मसान्तसम्मको अवधिलाई सम्झनुपर्दछ ।

ख. "कर्मचारी" भन्नाले ताप्ली गाउँपालिकाको स्थानीय तर्फको स्थायी सेवामा कार्यरत कर्मचारी सम्झन् पर्दछ ।

ग. "कार्यपालिका" भन्नाले ताप्ली गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

घ. "कार्याविधि ऐन" भन्नाले ताप्ली गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन ( कार्यविधि ) ऐन २०७९ सम्झनुपर्छ ।

ङ. "कोष" भन्नाले ताप्ली गाउँपालिकाको कर्मचारीहरुलाई कल्याण कोष उपदान जस्ता सुविधाहरु प्रदान गर्ने प्रयोजनका लागि स्थापना भएको कोष सम्झनुपर्छ ।

च. "तोकिए वा तोकिए बमोजिम" भन्नाले ताप्ली गाउँपालिकाले निर्णय गरी समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

छ. "गाउँपालिका" भन्नाले ताप्ली गाउँपालिका सम्झनुपर्छ ।

ज. "अध्यक्ष" भन्नाले ताप्ली गाउँपालिकाको गाउँपालिका प्रमुख सम्झनुपर्दछ ।

झ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ताप्ली गाउँपालिकाको कार्यालय प्रमुख सम्झनुपर्दछ ।

ञ. "संघीय ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्दछ ।

ट. "सञ्चालक समिति"भन्नाले कोष सञ्चालनका लागि गठन भएको सञ्चालक समिति सम्झनुपर्दछ

ठ. "सभा" भन्नाले ताप्ली गाउँपालिकाको सभा सम्झनुपर्दछ ।

## परिच्छेद २

## कल्याण कोषको स्थापना, उद्देश्य तथा प्रयोग सम्बन्धी व्यवस्था

३. कल्याण कोषको स्थापना : (१) गाउँपालिकाको कर्मचारी कल्याणकोष प्रयोजनको लागि गाउँपालिका कर्मचारी कल्याण कोष नामको एक कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा पहिलो वर्ष गाउँपालिकामा हालसम्म कर्मचारी कल्याण कोष शीर्षकमा विनियोजन भएको रकम जम्मा गरिनेछ । कोष सन्चालनका लागि गाउँपालिकामा स्थानीय सेवा तर्फका स्थायी सेवाका कर्मचारीहरुले पाउने उपदानको लागि गाउँपालिकाबाट उक्त कोषमा बार्षिक न्युनतम १०,००,०००। जम्मा गरिनेछ ।

(३) स्थानीय सेवा तर्फका स्थायी प्रकृतिका कर्मचारीहरुको सेवा सुविधा तथा कोषको हकमा संघीय तथा प्रदेश कानून निर्माण भई कार्यान्वयन नभएसम्म यसै कार्यविधि अनुसार हुनेछ ।

(४) माथि उल्लेखित रकम बाहेकका उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम हुनेछ :

क. कर्मचारी कल्याण कोषको लागि गाउँपालिकाले बार्षिक रुपमा छुट्याउने दफा ३ (२) बमोजिमको रकम ।

ख. विगत स्थानिय स्वयत्त शासन ऐन २०५५, बमोजिम जिल्ला विकास समितिको खातामा रहेको साबिक गाबिसको खातामा रहेको रकम र अन्य निकायबाट गाउँपालिकाको उक्त कोषलाई अनुदान स्वरुप प्राप्त रकम ।

ग. कुनै व्यक्ति संस्था वा निकायद्धारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम ।

घ. कोषमा रहेको रकमबाट प्राप्त व्याज रकम ।

ङ. कर्मचारीलाई सुविधा दिने प्रयोजनका लागि गाउँपालिकाले विनियोजन गरेको अन्य रकम,

(५) उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकम सञ्चालक समितिले तोकेको नेपाल सरकारबाट मान्यता प्राप्त बैकमा कर्मचारी कल्याण कोष ताप्लीको नाममा बचत खाता खोलि राखिनेछ ।

४. सदस्यता : (१) गाउँपालिकाको स्थानीय तह तर्फका स्थायी कर्मचारी स्वत: कल्याण कोषको सदस्य हुनेछ

(२) उपदफा (१) बमोजिम प्राप्त सदस्यता प्राप्त त्यस्तो कर्मचारी जुनसुकै कारणबाट सेवानिवृत्त भएपछि सदस्यता स्वत: समाप्त हुनेछ ।

५. कोषको उद्देश्य (१) स्थानीय तहका स्थायी कर्मचारीहरुलाई उपदान सेवा बापतको आर्थिक सहयोग प्रदान गर्नू कोषको उद्देश्य हुनेछ ।

६. कोषको प्रयोग : देहाय बमोजिमको कामको लागि कर्मचारी कल्याण कोषको रकम प्रयोग गर्न सकिनेछ ।

क. स्थानीय सेवा तर्फको स्थायी कर्मचारी जुनसुकै तवरले नोकरीबाट अलग भएकोमा उपदान लगायतका सुविधा उपलब्ध गराउने ।

७. कोषको रकम प्रयोग गर्न नपाइने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाइनेछैन ।

क. नियमित प्रशासकीय कार्यका लागि खर्च गर्न,

ख. कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रुपमा तलव भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

ग. कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

घ. कुनै पनि प्रकारको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

ङ. गोष्ठी, अन्तरक्रिया वा सभा सम्मेलन सन्चालन गर्न,

च. कुनै पनि पूर्वाधार निर्माणका काम गर्न गराउन,

छ. कर्मचारी कल्याण बाहेक अन्य कुनैपनि कार्य गराउन

ज. गाउँपालिकाबाट सरुवा भई जाने कर्मचारीहरुको सेवा सुविधाको हकमा यो कोषको रकम खर्च गर्न पाईने छैन ।

झ. यस गाउँपालिकामा कार्यरत रहदाँको बखत सेवानिवृत वा सामान्य अवस्थामा सेवाबाट अलग भएका स्थानिय सेवाको स्थायी कर्मचारीहरुको उपदान तथा यस ऐनले परिभाषित गरेका खर्चको रकम भन्दा बाहेकको अवस्थामा यो कोषको रकम खर्च गर्न पाईने छैन ।

ञ.

## परिच्छेद ३

## सञ्चालक समिति गठन र बैठक प्रक्रिया

८. सञ्चालक समिति (१) कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापनका लागि एक सञ्चालक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिने सञ्चालक समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन :

| | | |
|---|---|---|
| क. | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| ख. | आलेप शाखा प्रमुख | सदस्य |
| ग. | स्थानीय तहका स्थायी कर्मचारीहरुमध्येबाट | सदस्य |
| घ. | गाउँपालिकाको प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ. | गाउँपालिकाको लेखा शाखा प्रमुख | सदस्य सदस्य |

९. सञ्चालक समितिको बैठक (१) बैठकको निर्णय सामान्यता सर्वसहमतिबाट गरिनेछ । सर्वसहमति कायम हुन नसकेमा अध्यक्ष समेतको बहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णय मानिनेछ ।

१०. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

क. बैठकबाट पारित निर्णय कार्यान्वयन गर्ने,

ख. कार्यपालिका, गाउँसभा र पदाधिकारीसँग समन्वय राखी कोषका लागि आर्थिक स्रोत जुटाउन प्रयास गर्ने,

ग. कोष सन्चालनका लागि नीति तथा कार्यक्रम निर्माण गर्ने,

घ. कोषको आय बृद्धि गर्ने विविध कार्यक्रम सञ्चालन गर्ने,

ङ. हरेक आर्थिक वर्षको हर हिसावको लेखा परीक्षण गर्ने व्यवस्था मिलाउने,

११. समितिका सदस्य तथा कर्मचारीको उत्तरदायित्व

१. कोष सन्चालन समितिका सदस्य तथा कर्मचारीहरुले यस ऐनमा तोकिए भन्दा बाहेक, उद्देश्य विपरित हुनेगरी कोषको वितरणमा भेदभाव गर्न वा कोषको दुरुपयोग गर्न पाउने छैन ।

२. उपदफा (१) को प्रतिकुल हुने गरी काम गरेको प्रमाणित भएमा त्यस्तो कार्यमा सम्लग्न र समितिका सदस्य वा कर्मचारीले पाउने सुविधा रकमबाट जफत गर्न सकिनेछ ।

१२. उपदान पाउने :(१) यो ऐन बमोजिम जम्मा भएको रकमबाट गाउँपालिकामा कार्यरत स्थानीय तर्फका स्थायी सेवामा कार्यरत कर्मचारीहरुले अवकाश प्राप्त गर्दा वा राजीनामा स्वीकृत गराई पदबाट अलग हुँदा पाउने उपदान लगायतका सुविधाहरु यसै कोषबाट प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम पाउने उपदान देहाय बमोजिम उपलब्ध गराइनेछ

क. पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेका प्रत्येक वर्षको निमित्त खाइपाइ आएको आधा महिनाको तलव वरावरको रकम,

ख. दश वर्षदेखि पन्ध्र वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको एक महिनाको तलव बराबरको रकम,

ग. पन्ध्र वर्षदेखि बीस वर्षस्म्म सेवा गरेका कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको डेढ महिना तलव बराबरको रकम,

घ. बीस वर्षदेखि पच्चीस वर्षसम्म सेवा गरेको कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाइ आएको दुई महिनाको तलव बरावरको रकम,

ङ. पच्चीस वर्षभन्दा बढी सेवा गरेका कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षका निमित्त खाइपाइ आएको अढाइ महिनाको तलव बराबरको रकम

च. यस ऐन अनुसार उपदान पाउने कर्मचारीको संचित बिरामी बिदा र संचित हुने १८० दिनको घरबिदा बापतको रकम सेवाबाट अलग भएमा उक्त संचित बिदाहरुको जम्मा दिन गणना गरि अन्तिम महिनाको तलब स्केलको एक दिनमा हुने रकमले जम्मा दिनलाई गुणन गरि आउने रकम एकमुष्ठ रुपमा पाउने छन ।

छ. स्थानिय सेवाको स्थायी कर्मचारीहरु सेवाबाट अलग नभएको अबस्थामा जुनसुकै कारण मृत्यु भएमा उक्त कर्मचारीको धार्मिक आस्था अनुसारको काज क्रिया गर्न आखरि महिनाको तलबले डेढ महिनाको तलब काजक्रिया खर्च बापत निजको नजिकको हकवालालाई दिईने छ ।

ज. स्थानिय सेवाको स्थायी कर्मचारीहरु सेवाबाट अलग नभएको अबस्था वा उपदान लिन नपाउदैको अबस्थामा जुनसुकै कारणबाट मृत्यु भएमा उक्त कर्मचारिले यस ऐन अनुसार पाउने उपदान

तथा अन्य सुबिधाहरु निजको पति/ पत्नी र पति वा पत्नी नभएमा निजको छोराछोरी वा नजिकको हकवालाले पाउने छन

तर निजको हकवाला नाबालिग भएमा उक्त उपदान बापतको रकम सम्बन्धित बैंमा बालिग हुने उमेर सम्मको लागि उक्त रकम खर्च गर्न नपाउने गरि एकमुष्ठ हकवाला नाबालिगको नाममा रहेको बैंक खातामा जम्मा गरिदिईने छ ।

झ. यस गाउँपालिकामा कार्यरत स्थानिय सेवाको स्थायी कर्मचारी कार्यरत रहेको अवस्थामा गम्भिर प्रकृतीको रोग वा आकस्मिक दुर्घटना भई जिल्ला स्थित वा नेपाल भर उपचार गर्नूपर्ने भएको अवस्थामा नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट प्रमाणित भएमा औचित्य सहितको आर्थिक सहयता उपलब्ध गराउन यस कोष संचालन समितिको सिफारिसमा गाउँकार्यपालिकाले निर्णय गरि अधिकतम २५ हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

१३. सुविधा तथा सहुलियतबाट बञ्चित गरिने अवस्था : देहायको अवस्थामा गाउँपालिकामा कार्यरत स्थानीय तहको स्थायी कर्मचारी कल्याण कोष अन्तरगत सञ्चालित कार्यक्रममा दिइने सुविधाबाट बञ्चित गर्न सकिनेछ ।

क. प्रचलित कानुन विपरित काम गरेको प्रमाणित भएमा,

ख. यस ऐन बमोजिम प्राप्त सुविधा वा सहुलियत दुरुपयोग गरेको प्रमाणित भएमा,

ग. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

१४. जुनसुकै शीर्षकबाट भुक्तानी हुने स्थायी कर्मचारी अवकाश हुँदा वा अन्य कारणले ती कर्मचारीलाई रकम उपलब्ध गराउनु पर्ने अवस्थामा कोषमा रकमको अभाव वा कमी भएमा अन्य जुनसुकै शीर्षकबाट कर्मचारी कल्याण कोषमा बजेट रकममान्तर गरी भुक्तानी गरिनेछ ।

## परिच्छेद ४

## कोषको सञ्चालन, लेखा तथा परीक्षण

१५. कोषको खाता :

१. गाउँपालिकाको कर्मचारी कल्याण कोषका लागि अलग्गै विशेष बचत खाता नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा खोल्ने छ ।

१६. खाता सञ्चालन :

१. कोषको आर्थिक कारोबारको लागि बैक खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृस्तको कर्मचारी र लेखा शाखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१७. कोषको आय व्ययको लेखा तथा सोको सार्वजनिकरण

१. कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

२. कोषले कार्यपालिकाले तोके बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

३. आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र बार्षिक आय व्ययको विवरण समेत खुल्ने गरी बार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँसभा समक्ष पेश गर्नुपर्नेछ ।

१८. लेखापरीक्षण

१. कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखा वा प्रदेश कानूनले तोके बमोजिम हुनेछ ।

२. कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

३. लेखापरीक्षण प्रतिवेदन कार्यपालिका मार्फत गाउँसभामा पेश गर्नुपर्नेछ ।

१९. रकम फ्रिज नहुने

१. दफा (३) उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकममध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमा नै रहनेछ ।

परिच्छेद ५

विविध

२०. निर्देशन दिन सक्ने : कोष सन्चालन सम्बन्धी विषयमा कार्यपालिका वा गाउँसभाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२१. सहयोगका लागि आव्हान गर्न सक्ने : कुनै कारणले कर्मचारी कल्याण कोषमा रकम अभाव भई भुक्तानी गर्न समस्या उत्पन्न भएमा प्रदेश तथा केन्द्र सरकार समक्ष सहयोगका लागि आव्हान गर्न सक्नेछ ।

२२. दायित्व सर्ने : यो ऐन प्रारम्भ हुनु भन्दा अघि सिर्जना भएका गाउँपालिकाको कर्मचारी कल्याण कोषसँग सम्बन्धित हक तथा दायित्व यस ऐन बमोजिम कोषमा सर्नेछ ।

२३. बचाउ : यो ऐन प्रारम्भ हुनुभन्दा अघि गाउँपालिकाको कर्मचारी कल्याण कोषको नाममा भए गरेका सम्पूर्ण कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ । स्थायी प्रकृतिका कर्मचारी कल्याण कोषको हकमा संघीय वा प्रदेश कानून नवन्दासम्म यसै ऐनमा व्यवस्था भए बमोजिम कार्यविधि निर्माण गरी कार्यान्वयनमा लगिनेछ ।